# सूचना !                    सूचना !!                    सूचना !!!

मिति २०७९।०४।१३ गते प्रकाशित विज्ञापन अनुसार खुला प्रतियोगिताद्वारा पदपूर्ति गरिने प्राविधिक समूह (स्वास्थ्य) तर्फ **प्राविधिक सशस्त्र प्रहरी निरीक्षक (चिकित्सक)** र **प्राविधिक सशस्त्र प्रहरी नायव** निरीक्षक (स्टाफ नर्स) पदको नेपाल ए.पी.एफ. अस्पतालबाट मिति २०७९।०५।२० गते संचालित बिस्तृत स्वास्थ्य परीक्षण परीक्षाको मिति २०७९।०५।२३ गते प्रकाशित नतिजामा उत्तीर्ण भएका उम्मेदवारहरुको मिति २०७९।११।२३ र २४ गते संचालन हुने लिखित परीक्षा सम्बन्धी परीक्षा तालिका लोक सेवा आयोगबाट प्राप्त भएको हुँदा उक्त परीक्षा तालिका यसै सूचना साथ संलग्न राखिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

मानवश्रोत विभाग, मानवश्रोत निर्देशनालय,
**भर्ना तथा छनौट शाखा**,
सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय,
हलचोक, काठमाण्डौ ।
मिति २०७९।११।०२ गते ।

# लोक सेवा आयोग
## सुरक्षा निकाय तथा संगठित संस्था महाशाखा
## परीक्षा संचालन शाखा

**आ.प्र., खुला र समावेशी तर्फको प्रतियोगितात्मक लिखित परीक्षा कार्यक्रम निर्धारण गरिएको सूचना**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **निकायः** | **श्री सशस्त्र प्रहरी बल नेपाल** | **विज्ञापन प्रकाशित मितिः** | **२०७९/०४/१३** | **लि.प. कार्यक्रम प्रकाशित मितिः** | **२०७९/१०/२९** | |

**सशस्त्र प्रहरी बल नेपाल**को पूर्व प्रकाशित विज्ञापन अनुसार **खुला तथा समावेशी  तर्फको प्रतियोगितात्मक लिखित परीक्षा कार्यक्रम** देहाय बमोजिम कायम गरिएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । कोभिड-१९ संक्रमण भएका उम्मेदवारहरुको लागि विशेष परीक्षा केन्द्र रहने हुँदा परीक्षा शुरु हुनभन्दा कम्तीमा ३ (तीन) घण्टा अगावै सशस्त्र प्रहरी बल नेपालमा अनिवार्य रुपमा जानकारी दिनु पर्नेछ ।

| क्र.सं. | बिज्ञापन नं. | किसिम | पद, सेवा, समूह/उपसमूह/ तह | लिखित परीक्षा मिति र समय | | उम्मेदवार संख्या | परीक्षा केन्द्र | रोल नं. | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम पत्र | द्वितीय पत्र | | | देखि | सम्म |
| १ | ०२ (०७९/०८०) | खुला तथा समावेशी | प्राविधिक सशस्त्र प्रहरी नायब निरीक्षक (स्टाफ नर्स) | २०७९ फागुन २३ गते दिनको २:०० बजे | - | २१७ | श्री लोक सेवा आयोग, अनामनगर । | १००२ | १३९६ |
| २ | ०१ (०७९/०८०) | खुला तथा समावेशी | प्राविधिक सशस्त्र प्रहरी निरीक्षक (चिकित्सक) | २०७९ फागुन २४ गते बिहानको ११:०० बजे | २०७९ फागुन २४ गते दिनको १:०० बजे | १५७ | | १ | २२४ |

**द्रष्टब्यः**

१. उम्मेदवारले उत्तरपुस्तिकामा **कालो मसी भएको डटपेन/कलम** मात्र प्रयोग गर्नुपर्नेछ ।

२. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा **प्रवेशपत्र अनिवार्य रुपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै** परीक्षा भवनमा आइपुग्नुपर्नेछ ।

३. परीक्षा भवनमा **झोला, मोबाइल फोन तथा अन्य इलोक्ट्रोनिक्स डिभाइसहरु लैजान निषेध** गरिएको छ ।

४. परीक्षा संचालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि **आयोगको पूर्व सूचना विना निर्धारित परीक्षा कार्यक्रम** स्थगित हुने छैन ।

५. वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठुलो अक्षर (Capital Letter)मा **A, B, C, D** लेखिएको उत्तरलाई मात्र मान्यता दिइने छ ।

६. परीक्षामा सम्बन्धित निकायबाट जारी भएको प्रवेश पत्र संगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै **परिचयपत्र अनिवार्य** रुपमा लिई आउनु पर्नेछ ।

७. आयोगबाट जारी भएको **संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन)  सम्बन्धी मापदण्ड, २०७७** (संशोधन सहित) को पालना गरी परीक्षा सञ्चालन गरिनेछ ।

८. परीक्षार्थीहरु सबैले आफ्नो स्वास्थ्य अवस्थाको बारेमा श्री सशस्त्र प्रहरी बल नेपालमा गई विद्युतीय माध्यमबाट कोभिड सम्बन्धी स्वयम् घोषणा फाराम अनिवार्य रुपमा भर्नुपर्नेछ ।

९. कोभिड - १९ संक्रमित उम्मेदवारहरुको लागि विशेष परीक्षा केन्द्रको व्यवस्था गरिने भएकोले त्यस्ता उम्मेदवारहरुले आफू संक्रमित भएको जानकारी श्री सशस्त्र प्रहरी बल नेपालमा अग्रिम रुपमा गराउनु पर्नेछ ।

| क्र.सं. | बिज्ञापन नं. | किसिम | पद, सेवा, समूह/उपसमूह/ तह | लिखित परीक्षा मिति र समय | | उम्मेदवार संख्या | परीक्षा केन्द्र | रोल नं. | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम पत्र | द्वितीय पत्र | | | देखि | सम्म |

<u>कोभिड - १९ संक्रमणको समयमा सुरक्षित रहन परीक्षार्थीले ध्यान दिनुपर्ने थप विषयहरु</u>

१. परीक्षा केन्द्रमा प्रवेश गर्नुअघि उम्मेदवारले **अनिवार्य रुपमा** मास्क लगाई आफ्नो प्रयोजनको लागि स्यानिटाइजर र खानेपानी समेत लिई आउनु पर्नेछ।

२. परीक्षार्थी परीक्षाको लागि तोकिएको समय भन्दा १ घण्टा अगावै परीक्षा केन्द्रमा आइपुग्नु पर्नेछ ।

३. परीक्षार्थीहरु परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कँदा र शौचालय प्रयोग गर्नु पर्दा भिडभाड नगरिकन २ (दुई) मिटरको दूरी कायम गरी क्रमैसँग तोकिएको स्थानमा जानुपर्नेछ ।

४. परीक्षार्थीहरु समूहमा भेला हुने, कुराकानी गर्ने गर्नु हुँदैन ।

५. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नु पर्नेछ ।

**राजु सत्याल**
**शाखा अधिकृत**

**प्रकाश गुरुङ्ग**
**उपसचिव**